केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२७/०७०/७१ मिति: २०७१/०३/२६

**"क", "ख" र "ग" वर्गका इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई मिति २०७०/०६/२४ मा जारी गरिएको बै.वि.नि.वि./नीति/परिपत्र/कखग/०९/०७०/७१ परिपत्रको बुँदा नं. १ मा उल्लिखित व्याजदर अन्तर गणना सम्बन्धी व्यवस्थामा सरकारी सुरक्षणपत्रमा भएको लगानीको व्याज आम्दानीलाई समेत समावेश गरी देहाय बमोजिमको संशोधित नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

*"इजाजतपत्रप्राप्त संस्थाले खण्ड (क) बमोजिम निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने व्याजदर निर्धारण गर्दा औसत व्याजदर अन्तर ५ प्रतिशत भन्दा बढि नहुने गरी निर्धारण गर्नुपर्ने छ। औसत व्याजदर अन्तर गणना सम्बन्धमा देहायको व्यवस्था गरिएको छ।*

*(अ) अनुसूची १५.२ बमोजिमको सुत्रबाट २०७१ आषाढ देखि प्रत्येक महिना औसत व्याजदर अन्तर गणना गरी आफ्नो वेवसाइटमा प्रकाशन गर्नुपर्ने छ। साथै प्रत्येक त्रयमासको वित्तीय विवरण र व्याजदर सम्बन्धी विवरण प्रकाशन गर्दा अनिवार्य रुपमा औसत व्याजदर अन्तर समेत प्रकाशन गर्नुपर्ने छ।*

*(आ) यस व्यवस्था बमोजिम प्रकाशन गरिएको औसत व्याजदर अन्तर गणना सम्बन्धी विवरण निर्देशन फा.नं. १५.२ बमोजिमको ढाँचामा भरी बैंक तथा वित्तीय संस्था नियमन विभाग, सम्बन्धित सुपरिवेक्षण विभाग र अनुसन्धान विभागमा पेश गर्नुपर्ने छ।*

*(इ) औसत व्याजदर अन्तर ५ प्रतिशत भन्दा बढि भएका वाणिज्य बैंकहरुले २०७१ आषाढ मसान्तभित्र सो सीमामा ल्याइसक्नु पर्नेछ।"*

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

<u>बोधार्थ</u> :

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग।
७. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
८. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग।
९. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
१०. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं।
१२. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं।
१३. श्री नेपाल वित्तीय संस्था संघ, तिनकुने, काठमाण्डौं।अ